# गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार

(Non–Resident Nepali Association, National Coordination Council Qatar)

कतारको विधान–२००३ (आठौं संशोधन सहित)

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार

# गैरआवासीय नेपाली संघराष्ट्रिय समन्वय परिषद् कतार

## विधान–२००३ (आठौं संशोधन सहित)

<u>संसोधन मस्यौदा समिति</u>

- संयोजक : पुर्ण के. सी
- सदस्य : नरेश श्रेष्ठ
- सदस्य : सियाराम चौधरी
- सदस्य : रामजी खत्री
- सदस्य : हुसेन खान
- सदस्य : शुक बा. तामाङ
- सदस्य : प्रेम बि. क.

# गैरआवासीय नेपाली संघ

## राष्ट्रिय समन्वय परिषद् NCC-Qatar

## कतारको विधान–२००३ (आठौं संशोधन सहित)

**प्रस्तावना :-**
नेपालको सर्वाङ्गिण विकास र प्रवर्द्धनमा टेवा पुऱ्याउन विश्वका विभिन्न मुलुकहरुमा बसोवास गरिरहेका गैरआवासीय नेपालीहरुको हितको पक्षपोषण गर्न संगठित रुपले अघि बढ्नका लागि इस्वी सम्बत २००३ को अक्टुवर ११ मा काठमाण्डौमा स्थापना भएको गैरआवासीय नेपाली संघ आफ्नो गतिविधिहरुलाई समन्वय एवं संचालन गर्न आधारभूत मानव अधिकारप्रति प्रतिवद्ध एक जिम्मेवार संस्थाको गठन हुनु पर्ने आवश्यकतालाई मनन् गरी एक स्वतन्त्र, गैर नाफामूलक, गैर राजनीतिक, गैर सरकारी, चिरस्थायी, एक संघको रुपमा स्थापित गैरआवासीय नेपाली संघको बृहत्तर दायरा भित्र रहि कतारमा विविध गतिविधि सञ्चालन गर्न इस्वी संम्बत २००३ डिसेम्वर महिनाको १२ तारिखमा सम्पन्न भेलाको निर्णय बमोजिम रीष्ट्रिय समन्वय परिषद् गठन एवं संञ्चालनका लागि यो विधान बनाई लागु गरिएको छ ।

### परिच्छेद १

**१.संक्षिप्त नाम :-**

१.१ यस संस्थाको नाम गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार (यस पछि विधानमा परिषद भनिएको छ) । अंग्रेजीमा Non–Resident Nepali Association, National Coordination Council Qatar तथा छोटकरीमा NRNA-NCC Qatar भनिनेछ ।

१.२ यो संस्था गैर नाफा मुलक, अविछिन्न उत्तराधिकारवाला,गैर राजनितिक सामाजिक संस्था रहने छ ।

१.३ यो विधान संघको अन्तिम परिषद् भेला २०१७ बाट पारित भएपछि लागु हुनेछ ।

१.४ यस विधान गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधान-२००३ (आठौं संशोधन सहित) भनिनेछ ।

१.५ परिषदको स्थापना ईस्वी सम्बत २००३ डिसेम्वर १२ मा भएको हो ।

**२.** यस राष्ट्रिय समन्वय परिषद कतारको मुलमन्त्र "नेपालीका लागि नेपाली" हुनेछ ।

**३.** गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको तोके बमोजिम नै यस विधानको अनुसुची बमोजिम लोगो, लेटर हेड, सदस्यता परिचय पत्र, संस्थाको छाप र सपथ रहनेछ ।

**४.** यो संस्थाको कार्यालय कतारको दोहामा रहनेछ ।

### परिच्छेद - २

**५. परिभाषा :-** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस विधानमा :

५.१ "गैरआवासीय नेपाली" भन्नाले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको विधानको दफा ५.१ बमोजिम गरिएको परिभाषालई बुझाउने छ ।

५.२ "संघ" भन्नाले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदलाई बुझाउने छ ।

५.३ "राष्ट्रिय समन्वय परिषद्" भन्नाले यस विधान बमोजिम स्थापित गैरआवसीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतार भन्ने सम्झनु पर्दछ ।

५.४ "विधान" भन्नाले गैरआवासीय नेपाली संघको राष्ट्रिय समन्वय परिषदको विधान भन्ने सम्झनु पर्दछ ।

५.५ "केन्द्रिय विधान" भन्नाले गैरआवासीय नेपाली संघ अन्तरराष्ट्रिय समन्वय परिषदको विधान भन्ने सम्झनु पर्दछ ।

५.६ "सम्मेलन" भन्नाले गैरआवासीय नेपाली संघको विश्व सम्मेलनलाई बुझाउने छ ।

५.७ "क्षेत्रीय सम्मेलन" भन्नाले गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषदको क्षेत्रीय सम्मेलनलाई बुझाउने छ ।

५.८ "क्षेत्रीय बैठक" भन्नाले विभिन्न क्षेत्रमा रहेका राष्ट्रिय समन्वय परिषदहरुले सम्वन्धित क्षेत्रभित्र रहेको मुलुकमा आयोजना गरिने बैठकलाई बुझाउने छ ।

५.९ "अन्तर्राष्ट्रिय महाधिवेशन" भन्नाले गैरआवासीय नेपाली संघको साधारण सभालाई बुझाउने छ ।

५.१० "राष्ट्रिय महाधिवेशन" भन्नाले निर्वाचन हुनका लागि दुई वर्षमा आयोजना गरिने राष्ट्रिय महाधिवेशनलाई बुझाउने छ ।
५.११ "वार्षिक भेला" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको वार्षिक भेलालाई बुझाउने छ ।
५.१२ "विशेष अधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषदको विशेष अधिवेशनलाई बुझाउने छ ।
५.१३ "क्षेत्रीय अधिवेशन" भन्नाले राष्ट्रिय समन्वय परिषद अन्तर्गत गठित क्षेत्रीय परिषदहरुको अधिवेशनलाई बुझाउने छ ।
५.१४ "अध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषदको अध्यक्षलाई बुझाउने छ ।
५.१५ उपाध्यक्ष भन्नाले राष्ट्रिय समन्वय परिषद को उपाध्यक्षलाई बुझाउने छ ।
५.१६ "महासचिव" भन्नाले राष्ट्रिय समन्वय परिषद को महासचिव लाई बुझाउने छ ।
५.१७ "सचिव" भन्नाले राष्ट्रिय समन्वय परिषद को सचिव लाई बुझाउने छ ।
५.१८ "कोषाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषदको कोषाध्यक्षलाई बुझाउने छ ।
५.१९ "सह-कोषाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषदको सह-कोषाध्यक्षलाई बुझाउने छ ।
५.२० "प्रवक्ता" भन्नाले राष्ट्रिय समन्वय परिषदको प्रवक्तालाई बुझाउने छ ।
५.२१ "महिला संयोजक" भन्नाले राष्ट्रिय समन्वय परिषदको महिला संयोजकलाई बुझाउनेछ ।
५.२२ "युवा संयोजक" भन्नाले राष्ट्रिय समन्वय परिषदको युवा संयोजकलाई बुझाउने छ ।
५.२३ "परिषद सदस्य" भन्नाले राष्ट्रिय समन्वय परिषदको कार्य कारिणी समितिको सदस्यलाई बुझाउने छ ।
५.२४ "पदाधिकारी" भन्नाले अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिवहरु, कोषाध्यक्ष, सह–कोषाध्यक्ष,महिला संयोजक, युवा संयोजक र प्रवक्तालाई जनाउंने छ ।
५.२५ "सल्लाहकार" भन्नाले राष्ट्रिय समन्वय परिषदले चयन गरेका सल्लाहकारलाई बुझाउने छ ।
५.२६ "मानार्थ सदस्य" भन्नाले गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदले राष्ट्रिय समन्वय परिषदको सिफारिसमा चयन गरिएको संघको मानार्थ सदस्यलाई बुझाउनेछ ।
५.२७ "सम्वद्ध सदस्य" भन्नाले गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदले राष्ट्रिय समन्वय परिषद कतारको सिफरिसमा चयन गरिएको संघको सम्वद्ध सदस्यलाई बुझाउनेछ ।
५.२८ "साधारण सदस्य" भन्नाले दुई वर्षभन्दा बढि दक्षिण एशियाली मूलुक बाहेकका अन्य मुलुकहरुमा बसोवास गरि रहेका नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिकहरुलाई बुझाउनेछ ।
५.२९ "पञ्जिकृत सदस्य" भन्नाले साधारण सदस्यले गैरआवासीय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदले तोके बमोजिमको सदस्यता शुल्क बुझाई रित पुर्वक राष्ट्रिय समन्वय परिषदले सदस्यता प्रदान गरेको सदस्यलाई बुझाउनेछ ।
५.३० "जुनियर सदस्य" भन्नाले १८ वर्ष उमेर पुरा नभएका गैरआवासीय नेपालीका सन्तानलाई जनाउंने छ ।
५.३१ "प्रारम्भिक सदस्य" भन्नाले दुई वर्षभन्दा कम दक्षिण एशियाली मूलुक बाहेकका अन्य मुलुकहरुमा बसोवास गरि रहेका नेपाली नागरिक वा नेपाली मुलका विदेशी नागरिकहरुलाई बुझाउनेछ
५.३२ "दर्ता शुल्क" भन्नाले गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषदले राष्ट्रिय महाधिवेशन वा अधिवेशन वा विभिन्न भेला तथा सेमीनारहरुमा सहभागिताकालागि तोकेको शुल्कलाई बुझाउने छ ।
५.३३ "सदस्यता शुल्क" भन्नाले राष्ट्रिय समन्वय परिषदले परिषदका पदाधिकारी, सदस्यहरु, पञ्जिकृत सदस्यहरु वा साधारण सदस्यहरुकालागि तोकिएको शुल्कलाई बुझाउनेछ ।
५.३४ "युवा" राष्ट्रिय महाधिवेशन सुरु भएको दिनसम्म ४० वर्ष उमेर नकाटेको व्यक्तिलाई बुझाउने छ ।
५.३५ "कार्यसमिति" भन्नाले विधानमा व्यवस्था भए बमोजिम गठन भएको राष्ट्रिय समन्वय परिषद्को कार्यसमितिलाई सम्झनु पर्दछ ।
५.३६ "छाप" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको छापलाई बुझाउने छ ।
५.३६ "लेटर हेड" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको लेटर हेडलाई बुझाउने छ ।
५.३७ "एक वचन" शब्दले बहुवचनलाई समेत बुझाउने छ ।
५.३८ "पुलिंगी" शब्दले स्त्रीलिङ्गी शब्दलाई समेत बुझाउने छ ।
५.३९"व्यक्ति" शब्दले कानूनी वा प्राकृतिक दुवैलाई बुझाउने छ ।
५.४० "संघ-संस्था" भन्नाले नेपाली राजदुताबास कतारमा सुचिकृत भएका दोहामा स्थपित नेपाली संघ संस्था सम्झनु पर्दछ ।
५.४१ "राजदुतावास" भन्नाले कतारमा रहेको नेपाली राजदुताबास सम्झनु पर्दछ ।

## परिच्छेद ३

**६. उद्देश्यहरु :-**

गैरआवासीय नेपाली संघको बृहत्तर दायरा भित्र रही कतारमा वस्ने नेपालीहरुलाई एकजुट गराउने, नेपालभित्र र बाहिर उनीहरूको उद्देश्यलाई प्रवर्द्धन गर्ने र उनीहरुलाई नेपालको हितमा योगदान गर्न परिचालन गर्ने संघको मुख्य उद्देश्य बमोजिम क्रियाशिल रहनु नै गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको उद्देश्य रहनेछ । निम्न उल्लेखित उद्देश्यहरु प्राप्त गर्नका लागि गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारले देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

६.१ कतारमा बसोबास गरिरहेका गैरआवासीय नेपालीहरुको स्थायित्व, सुरक्षित, वैदेशिक रोजगार र समग्र हितका लागि क्रियाशिल रहने ।

६.२ कतारमा स्थापित नेपाली संघ सस्थाहरुसंग समन्वय गर्ने एवं कतारमा कार्यरत नेपालीहरुको साझा संस्थाको रुपमा प्रतिनिधित्व गर्ने ।

६.३ विदेशमा मातृभूमी नेपालको पहिचान तथा राष्ट्रिय विभुतिहरुको मान प्रतिष्ठा उचो राख्न पहल गर्ने ।

६.४ मातृभूमीको विकासको निम्ति गैरआवासीय नेपाली र विदेशीहरुको लगानी आकर्षण गर्न पहल गर्ने ।

६.५ नेपालमा गैरआवासीय नेपालीहरुको आर्थिक लगानी, बौद्धिक शिप तथा दाताको उचित प्रयोग गर्न सकिने वातावरण सिर्जना गर्न पहल गर्ने ।

६.६ विश्वका बिभिन्न भागमा रहेका नेपालीहरु बीच आपसी सहयोग तथा सद्भावको विकास गर्न पहल गर्ने ।

६.७ स्वदेश तथा विदेशमा प्रवासी नेपालीहरुको हक हितको प्रबर्धन तथा संरक्षण गर्न अन्तराष्ट्रिय साझा मञ्चका रुपमा काम गर्ने ।

६.८ बैदेशिक रोजगारमा रहेका नेपालीहरुका समस्याहरुको पहिचान गरि अल्पकालिन तथा दिर्घकालिन समाधानका निम्ति पहल गर्ने ।

६.९ कतारमा रहेका बिभिन्न पेशा र समूदायका नेपालीहरु बिच आपसी मेलमिलाप र सुमधुर सम्बन्ध कायम राख्न प्रयत्न गर्ने ।

६.१० कतारमा नेपाली साहित्य, कला, खेल तथा संस्कृतीको जगेर्ना गर्न क्रियाशील रहने ।

६.११ कतारमा नेपालको पर्यटन प्रवर्धनका लागि कृयाशिल रहने ।

६.१२ वैदेशीक रोजगारीमा रहेका श्रमीक नेपालीहरु र उद्योग व्यवसायीहरुको हक, हित संरक्षण तथा सम्बर्धनका लागि विशेष पहल गर्ने ।

६.१३ कतारमा रहेका नेपालीहरुको शारीरिक, मानसिक, बौद्धिक तथा आर्थिक विकासका निम्ति सहयोग पुऱ्याउने ।

६.१४ परिषदका उद्धेश्यहरु पूर्तिका लागि राजदुतावास संग सहकार्य तथा समन्वय कायम गर्ने ।

६.१५ नेपाल र कतार दुई देश बिचको आपसी भाईचारा तथा सम्बन्ध सुमधुर बनाउन कृयाशिल रहने ।

६.१६ अन्तर्राष्ट्रिय समन्वय परिषदका नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।

## परिच्छेद - ४

**७. सदस्यता :-** राष्ट्रिय समन्वय परिषद कतारको सदस्यता देहाय वमोजीम हुनेछ ।

**७.१ साधारण सदस्य :-**

संघको विधानमा व्यवस्था भए बमोजिमका साधारण सदस्य हुन योग्यता पुगेका कतारमा कार्यरत व्यक्तिहरु यस परिषदका स्वतः साधारण सदस्य मानिने छन् ।

**७.२ प्रारभिक सदस्य :-**

दुई वर्ष भन्दा कम बसोबास गरेका नेपाली नागरिक वा नेपाली मूलका विदेशी नागरिक संघका प्रारम्भिक सदस्य लिन सक्नेछन । यस्ता सदस्यहरुले संघको विश्व सम्मेलन, राष्ट्रिय महाधिवेशन र संघको सबै क्रियाकलापहरुमा भाग लिन पाउनेछन् । तर यस्ता सदस्यहरुलाई राष्ट्रिय समन्वय परिषद् वा अर्न्तराष्ट्रिय समन्वय परिषदको कुनै निर्वाचित हुने पदको लागि उम्मेदवार हुन र मतदान गर्न पाउने अधिकार हुने छैन ।

**७.३ पञ्जिकृत सदस्य :-**

साधारण सदस्यहरु मध्येबाट ईच्छुक सदस्यहरुले तोकिएको फाराम तथा तोकिएको सदस्यता शुल्क बुझाई पञ्जिकृत सदस्यता लिन सक्ने छन् ।



NRNA NCC QATAR 2003 FOR NEPALI BY NEPALI Non-Resident Nepali Association

**७.४ सम्बद्ध सदस्य :-**
नेपाललाई सहयोग, प्रवर्द्धन गर्न चाहने वा कतारमा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् सँग समन्वय र सहकार्य गरिरहेका संघ, संस्थाहरुलाई सदस्यताका लागि राष्ट्रिय समन्वय परिषद कतारको सिफरिसमा अन्तराष्ट्रिय समन्वय परिषदले सम्बद्ध सदस्यता प्रदान गर्न सक्नेछ । यस्ता सदस्यहरु सँग आपसमा कार्यगत सहकार्य र समन्वय हुनेछ तर एक अर्को संस्थाका आन्तरिक गतिविधिमा कुनै भुमिका हुने छैन । सम्बद्ध सदस्यता प्रत्येक राष्ट्रिय अधिवेशनको ३० दिन अगाडि अद्यावधिक गरिसक्नु पर्ने छ ।

**७.५ मानार्थ सदस्य :-**
कतारमा रहेका गैरआवासीय नेपालीको हकहित संरक्षणमा तथा नेपालको विकासमा उल्लेखनीय योगदान पुर्‍याएका गैर नेपाली व्यक्तिहरुलाई मानार्थ सदस्यताकालागि राष्ट्रिय समन्वय परिषद कतारको सिफारिसमा अन्तराष्ट्रिय समन्वय परिषदले मानार्थ सदस्य प्रदान गर्नेछ । यस्ता सदस्यहरुलाई संघको कुनै पनि निर्वाचनमा मतदान गर्ने र उम्मेदवार हुने अधिकार हुनेछैन ।

**८. सदस्यताको लागि योग्यता :-**
८.१ संघको बिधानको दफा ७ मा व्यवस्था भए बमोजिम सदस्य वन्नका लागि १८ वर्ष उमेर पुरा भएको हुनपर्छ ।

## परिच्छेद ५

**९. सदस्यता शुल्क र सदस्यको विवरण :-**
९.१ परिषदको एक कार्यकालको पंजिकृत सदस्यहरुले तोकिएको शुल्क अनिवार्य तिर्नु पर्नेछ । पंजिकृत सदस्यकालागि एक कार्यकालको क.रि ५५/– कतारी रियाल पचपन्न शुल्क तिर्नु पर्नेछ ।  निर्धारित शुल्क आवेदन फर्ममा समेत उल्लेख गरेर सुचित गर्नु पर्ने छ ।
९.२. अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदको कोषमा बाधिने छ ।
९.३. राष्ट्रिय समन्वय परिषदले आवश्यक ठानेमा सदस्यता शुल्क बाहेक पनि शिर्षक तोकी अतिरिक्त शुल्क तोक्न, लिन सक्नेछ, तर यो अतिरिक्त शुल्क स्वेच्छिक हुनेछ र अतिरिक्त शुल्क नतिर्दा कुनै पनि एनआरएनहरुलाई संघमा दर्ता हुन (पञ्जिकृत सदस्य बन्न) बाट बञ्चित गर्न पाईने छैन् । यसरी तोकीएको अतिरिक्त शुल्क राष्ट्रिय समन्वय परिषदको कोषमा नै रहनेछ ।
९.४ राष्ट्रिय समन्वय परिषद्हरुले पंजिकृत सदस्यहरुको विवरण, पंजिकृत सदस्यता शुल्क, नयां कार्यसमितिको विवरण, आईसिसि सदस्यको नामावली, आईसिसि सदस्यता शुल्क, र अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिने प्रतिनिधिहरुको नामावली NRNA IMS (MIS) प्रणाली अनुसार उपलब्ध गराउनु पर्ने छ र साथै वेव साईट सम्बन्धि कार्यहरु यही प्रणाली अनुसार गर्नु पर्ने छ ।

**१० सदस्यताको समाप्ति :-**
१०.१ परिषद्को विगठन भए सँगै अघिल्लो कार्यकालको सदस्यता समाप्त भएको मानिनेछ ।
१०.२ परिषदका अध्यक्ष समक्ष लिखित रुपमा राजिनामा दिई स्विकृत भएमा ।
१०.३ गैरआवासीय नेपाली संघको सदस्यताको हैसियत समाप्त भएमा ।
१०.४ पंजिकृत सदस्यको मृत्यु भएमा ।
१०.५ अनुशासन समितिको कार्यवाहिको सिफारीसमा कार्यसमितीले सदस्यता खारेज गरेमा ।
१०.६ नेपाल अथवा कतारको कानूनले नैतिक पतन हुने फौजदारी अभियोग प्रमाणित भएको पाईएमा ।
१०.७ कतारमा बसोवास गर्ने कानूनि हैसियत समाप्त भएमा ।

**११ सदस्यहरुको अधिकार र उत्तरदायित्वहरु :-**
११.१ प्रत्येक सदस्यहरुको अधिकार र उत्तरदायित्व व्यक्तिगत हुनेछ र अन्य व्यक्तिमा हस्तान्तरण योग्य हुनेछैन ।
११.२ यस विधान, गैरआवासीय नेपाली संघको विधान र राष्ट्रिय समन्वय परिषद्का अन्य निर्णयहरुको पालना गर्नु र संघको उद्देश्यहरु प्राप्तिका लागि आफ्नो अधिकतम सामर्थ्यको प्रयोग गर्नु हरेक सदस्यहरुको उत्तरदायित्व हुनेछ ।

११.३. पञ्जिकृत सदस्यहरुलाई राष्ट्रिय महाधिवेशन र अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिन पाउने तथा मतदान गर्ने हक हुनेछ । राष्ट्रिय समन्वय परिषदको उम्मेदवार बन्न परिच्छेद ६ को दफा १६को उपदफा १६.६बमोजिम हुन पर्नेछ ।

११.४. साधारण, प्रारम्भिक, सम्बद्ध र मानार्थ सदस्यहरुलाई राष्ट्रिय महाधिवेशन, विश्व सम्मेलन र अन्तराष्ट्रिय महाधिवेशनमा भाग लिने हक हुनेछ । तर उनीहरुलाई संघको कुनै पनि पदको निर्वाचनको लागि उम्मेदवार खडा हुन एवं निर्वाचनमा मतदान गर्ने हक भने हुनेछैन ।

**१२. पञ्जिकृत सदस्यता वितरण तथा नविकरण सम्बन्धि व्यवस्था :-**

१२.१ नँया पंञ्जिकृत सदस्यता परिषदको कार्यकाल समाप्त भई बिघटन भएपछि आव्हान गरिनेछ ।

१२.२ पंजिकृत सदस्यता वितरण गर्ने जिम्मेवारी मौजुदा कार्यसमितिमा रहनेछ ।

१२.३ पंजीकृत सदस्यता आव्हान गर्दा प्रत्यक्ष वा अनलाइन मार्फत गर्न सक्नेछ तर शुल्क भने प्रत्यक्ष उपस्थिती भएर वुझाउनु पर्नेछ ।

## परिच्छेद - ६

**१३. राष्ट्रिय परिषद्को व्यवस्था :-** गैरआवासीय नेपाली संघको विधानमा व्यवस्था भए बमोजिम एक राष्ट्रिय परिषदको गठन हुनेछ ।

१३.१ परिषद् भेला सम्बन्धि व्यवस्था

१३.१.१ परिषदको सदस्यहरुको भेला एक कार्यकालमा जम्मा ३ पटक हुनेछ ।

१३.१.२ नँया परिषदको गठन : पंजिकृत सदस्यहरुको अन्तिम नामावली प्रकाशनलाई नै परिषद् गठन भएको मिति मानिने छ । परिषद गठन भएको ४५ दिन भित्र परिषद्को राष्ट्रिय महाधिवेशन आयोजना गर्नु पर्नेछ । सोहि महाधिवेशनलाई परिषद्को पहिलो भेलाको रुपमा गणना गरिने छ । बिशेष परिस्थतिको कारणले उक्त समय भित्र राष्ट्रिय महाधिवेशन आयोजना गर्न सम्भव नभएमा संघको परामर्शमा नयाँ मिति निर्धारण गरी भेला सम्पन्न गर्नु पर्ने छ ।

१३.२ दोस्रो परिषद भेला प्रथम परिषद भेलाको ठिक १ वर्षमा गर्नु पर्नेछ । यसलाई वार्षिक भेला मानिनेछ ।

१३.३ मौजुदा परिषद विघटन र नयां परिषद आह्वान का लागी राष्ट्रिय महाधिवेशनको ३ महिना अगाडी अन्तिम परिषद भेला गरीनेछ ।

१३.४ पंजीकृत सदस्यहरु मध्ये एक चौथाई सदस्यहरुले विशेष परिषद् भेला बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा त्यस्तो अनुरोध प्राप्त भएको ३० दिन भित्र विशेष परिषद्भेला आव्हान गरिनेछ ।

१३.५ कार्यसमितिले कुनै पनि समयमा विशेष भेला बोलाउन मनासिव ठानेको अवस्थामा कार्यसमितिको बैठकको निर्णयले विशेष भेला आव्हान गर्न सकिनेछ ।

१३.६ परिषदको साधारण भेला सम्बन्धि सूचना भेला बस्नुभन्दा १५ दिन अगावै तथा विशेष वैठक भेला सम्बन्धि सूचना वैठक भेला बस्नुभन्दा ७ दिन अगावै प्रकाशित गरि जानकारी गराउनु पर्नेछ । यस्तो सूचना कतारमा प्रकाशित हुने नेपाली पत्रीका विद्युत्तयि संचारका माध्यम प्रचलनमा रहेका सामाजिक संजाल आदिबाट प्रकाशित गरिनेछ ।

१३.७ परिषदको साधारण तथा विशेष भेलामा उपस्थित हुनु पंजिकृत सदस्यहरुको कर्तव्य हुनेछ तर उपस्थित हुन नसक्ने परिस्थितिमा लिखित वा विद्युत्तीय संचारका माध्यमबाट अध्यक्ष वा महासचिवलाई जानकारी गराउनु पर्दछ ।

१३.८ कार्यसमितिका सदस्यहरु, सल्लाहकार समितिका सदस्यहरु तथा उप-समितिका संयोजकहरुको कुल जोड ( पदपुर्ति भएकाहरुको मात्र) को ५१ प्रतिशतको उपस्थिति अनिवार्य मानिनेछ । गणपुरक संख्याको गणना गर्दा कतार बाहिर भएका पदाधिकारी तथा सदस्यहरुलाई घटाएर कतारमा रहेका पदाधिकारी तथा सदस्यहरुको मात्रै गणना गरिने छ ।

१३.९ परिषद भेला साधारणतया परिषदको अध्यक्षको सभापतित्वमा बस्नेछ ।

१३.१० तर परिषद अध्यक्षको विरुद्धको प्रस्ताव माथि छलफल गर्दा परिषद् भेलाको सभापतित्व प्रथम उपाध्यक्षले गर्नेछन् । उनको अनुपस्थितिमा द्वित्तीय उपाध्यक्ष तथा द्वित्तीय उपाध्यक्षको अनुपस्थितिमा तृतिय उपाध्यक्षले सभापतित्व गर्नेछन् ।

१३.११ कार्यसमिति विरुद्धको प्रस्ताव माथि छलफल गर्दा परिषदको सभापतित्व भेलामा प्रत्यक्ष उपस्थित परिषद सदस्य मध्ये जेष्ठ सदस्यले गर्नेछन् ।

१३.१२ परिषदको कुनै पनि बैठकमा कुनै सदस्यले विशेष प्रस्ताव राख्न चाहेमा सोको जानकारी प्रस्ताव सहित बैठक शुरु हुनु भन्दा कम्तिमा ३ दिन अघि परिषदका महासचिव वा उनको अनुपस्थितिमा उनको कार्यभार सम्हालेका पदाधिकारीलाई लिखित रुपमा बुझाउनु पर्नेछ ।

**१४. परिषद् भेलाको अधिकार र उत्तरदायित्वहरु :-**

१४.१ परिषदको आफनो निति तथा कार्यक्रम तय गर्नेछ ।

१४.२ परिषदमा जानकारीको लागि पेश हुने आम्दानी र खर्चको विवरण तथा कार्यप्रगति प्रतिवेदन अनुमोदन गर्नेछ ।

१४.३ केन्द्रिय विधान तथा यस विधानमा उल्लेख भएका काम तथा दायित्वहरु निर्वाह गर्नेछ ।

१४.४ केन्द्रिय विधान तथा यस विधान संग नबाझिने गरि नियम उपनियम बनाई लागु गर्नेछ ।

१४.५ अन्तिम परिषद् भेलाले आवश्यकता अनुसार विधान संशोधन गर्नेछ ।

१४.६ कार्यसमितीलाई आवश्यक राय सुझाव र सल्लाह दिनेछ ।

**१५. परिषद् विघटन तथा आव्हान :-**

१५.१ अन्तिम परिषदको भेलाले आफ्नो नियमित छलफलको अन्त्यमा नयां परिषद् गठन सम्बन्धि नियमावली पारित गरि परिषद विघटन भएको घोषणा गर्नेछ ।

१५.२ अन्तिम परिषद भेलाद्वारा पारित परिषद् गठन सम्बन्धि नियमावलीमा व्यवस्था भए अनुसार नँया परिषद गठनको लागि पंजिकृत सदस्यता नविकरण र नँया सदस्यता आवेदन आव्हान गरिनेछ ।

१५.३ सामुहिकरुपमा परिषदको कार्यकाल पंजिकृत सदस्यको नामावली प्रकाशन भएको मिति देखि अन्तिम परिषद् भेला सम्पन्न नभए सम्म हुनेछ । तर व्यक्तिगतरुपमा पंजिकृत सदस्यता भने अर्को कार्यकालको लागि नयाँ पंजिकृत सदस्यहरु नामावली प्रकाशन नभए सम्म वैद्य मानिनेछ ।

१५.४ गैरआवसीय नेपाली संघ, अन्तरराष्ट्रिय समन्वय परिषदको अन्तरराष्ट्रिय महाधिवेशन तथा विश्व सम्मेलनको तोकिएको मिति वाट ६ महिना भित्र आव्हान गरिएको परिषद भेलालाई परिषदको अन्तिम भेला मानिनेछ ।

**१६. राष्ट्रिय समन्वय परिषद् :-**

१६.१ राष्ट्रिय महाधिवेशनबाट पारित नीति र कार्यक्रमहरुलाई कार्यान्वयन गर्नको लागि राष्ट्रिय समन्वय परिषद नामक एक कार्यकारी अंग हुनेछ ।

१६.२ राष्ट्रिय समन्वय परिषद गठन :-

राष्ट्रिय समन्वय परिषदको गठन देहाय बमोजिम गठन गरिनेछ ।

| | |
|---|---|
| १.अध्यक्ष | १ |
| २ प्रथम.उपाध्यक्ष | १ |
| ३ द्वितिय उपाध्यक्ष | १ |
| ३.तृतिय उपाध्यक्ष | १ |
| ४.महासचिव | १ |
| ५.सचिव | २ |
| ६.कोषाध्यक्ष | १ |
| ७ सह कोषाध्यक्ष | १ |
| ८.महिला संयोजक | १ |
| ९.युवा संयोजक | १ |
| १०.महिला सदस्य | २ |

११.निर्वाचित सदस्य (खुल्ला) : बढिमा ६ जना सम्म ।

१२.निर्वाचित सदस्य (प्रदेशबाट) : ७ (प्रत्येक प्रदेश बाट १/१ जना)

१३. आदिवासी जनजाति समुदायबाट (सदस्यहरु) २ निर्वाचित ।

१४. दलित समदुदायबाट (सदस्यहरु) २ निर्वाचित ।

१५. मुश्लिम समुदायबाट (सदस्यहरु) २ निर्वाचित ।

१६. तराई/मधेश समुदायबाट (सदस्यहरु) २ निर्वाचित ।

१७. कार्यसमितिबाट मनोनित सदस्यहरु ३ मनोनित ।

१८. अध्यक्षले निर्वाचित कार्यसमितिको एक पदाधिकारी वा सदस्यलाई संघको प्रवक्ता तोक्न सक्नेछ ।

१९. राष्ट्रिय समन्वय परिषद कतारको कार्यकारी समितिमा जम्मा ३७ सदस्यीय रहनेछ ।

१६.३ राष्ट्रिय समन्वय परिषदको कार्यकारी समितिको पदावधि २ वर्षको हुनेछ ।

१६.४ कार्यसमिति गठनका लागि अन्तिम परिषद भेलाले यस विधानमा व्यवस्था भए बमोजिम निर्वाचन समिति गठन गर्नेछ ।

१६.५ कार्यसमिति गठन प्रकृयामा सम्पुर्ण परिषद सदस्यहरुको सहभागि हुने अधिकार रहनेछ ।

१६.६ कार्यसमितिको अध्यक्ष पदको लागि योग्य हुन आईसीसी वा एनसीसी कतारको कार्यसमितिमा रहेर एक कार्यकाल पुरा गरेको हुनु पर्नेछ । प्रथम उपाध्यक्ष र महासचिवको हकमा राष्ट्रिय समन्वय परिषदद्धारा गठित समिति, उपसमिति तथा बिभागमा रहेर एक कार्यकाल पुरा गरेको हुनु पर्नेछ र अन्य पदाधिकारीका लागी कम्तीमा १ कार्यकाल पंजीकृत सदस्य भएको हुन पर्नेछ ।

१६.७ निश्चित समुदाय र क्षेत्रको प्रतिनिधिमा चुन्न र चुनिन सोही समुदाय र प्रदेशको परिषद सदस्य हुनु पर्नेछ ।

**१७. राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरु र कार्यकारी सदस्यहरुको काम, कर्तव्य र अधिकारहरु :**

**१७.१. अध्यक्ष :–**

१७.१.१ राष्ट्रिय समन्वय परिषदको प्रमुखका हैसियतले कार्य गर्ने ।

१७.१.२ राष्ट्रिय समन्वय परिषदका नियमित वैठकहरुको, वार्षिक अधिवेशन र राष्ट्रिय महाधिवेशनको खुला सत्रको अध्यक्षता गर्ने ।

१७.१.३ राष्ट्रिय समन्वय परिषदले यस विधानमा व्यवस्था गरेकोमा बाहेक विभिन्न विभाग तथा समितिका सदस्यहरुको नियुक्ति गर्ने र कुन पनि विषयमा आकस्मिक निर्णय लिएको खण्डमा त्यसको अनुमोदन राष्ट्रिय समन्वय परिषदको बैठकबाट गराउने ।

१७.१.४ कुनै विषयमा मत बराबर भएमा आफ्नो निर्णायक मत प्रयोग गर्ने ।

१७.१.५ राष्ट्रिय समन्वय परिषदका पदाधिकारी तथा सदस्यहरुलाई जिम्मेवारी तोक्ने ।

१७.१.६ विभिन्न विभागहरु, समितिका प्रमूखहरु मार्फत सम्बन्धित क्षेत्रको आवधिक कार्य विवरण तथा समसामयिक गतिविधिको जानकारी लिने र आवश्यक नीति निर्देशन गर्ने ।

१७.१.७ अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्यलाई राष्ट्रिय समन्वय परिषदका गतिविधिहरु पठाउन महासचिव लाई निर्देशन दिने ।

१७.१.८ वैठक बोलाउन महासचिव लाई निर्देशन दिने ।

१७.१.९ अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिने ।

१७.१.१० राष्ट्रिय समन्वय परिषदले तोकेको अन्य काम कर्तव्य पूरा गर्ने ।

१७.१.११ राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

**१७.२. प्रथम उपाध्यक्ष :-**

१७.२.१ राष्ट्रिय समन्वय परिषदको नेतृत्वका लागि आवश्यक्ता अनुसार अध्यक्षलाई सहयोग गर्ने ।

१७.२.२ अध्यक्षको अनुपस्थितिमा अध्यक्षले वा राष्ट्रिय समन्वय परिषदले तोके बमोजिमका कार्यहरु गर्ने

१७.२.३ तोकिएका अन्य कार्यहरु गर्ने ।

१७.२.४ राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

**१७.३ द्वितीय उपाध्यक्ष :–**

१७.३.१ प्रथम उपाध्यक्षको अनुपस्थितीमा प्रथम उपाध्यक्षले गरिआएको संपूर्ण कार्यहरु गर्ने, गराउने ।

१७.३.२ अध्यक्ष र प्रथम उपाध्यक्षद्वारा गरिने अन्य कार्यहरुमा सहयोग गर्ने ।

१७.३.३ विधानमा उल्लेखित तथा समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**१७.४ तृतिय उपाध्यक्ष :–**

१७.४.१ प्रथम र द्धितिय उपाध्यक्षको अनुपस्थितीमा प्रथम उपाध्यक्षले गरिआएको संपूर्ण कार्यहरु गर्ने, गराउने ।

१७.४.२ अध्यक्ष र प्रथम उपाध्यक्षद्वारा गरिने अन्य कार्यहरुमा सहयोग गर्ने ।

१७.४.३ विधानमा उल्लेखित तथा कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**१७.५. महासचिव :-**

१७.५.१ राष्ट्रिय समन्वय परिषदको सम्पूर्ण क्रियाकलापहरुलाई समन्वय गर्ने ।

१७.५.२ राष्ट्रिय महाधिवेशन वा राष्ट्रिय समन्वय परिषदका वैठकहरुको सन्चालन गर्ने ।

१७.५.३ राष्ट्रिय समन्वय परिषदका गतिविधिहरुको अभिलेख राख्ने र विभगीय रिपोर्ट लिने, पत्राचार गर्ने ।

प्रतिवेदनहरु नियमित रुपमा आफ्नो मुलुक बाट प्रतिनिधित्व गर्ने आईसिसि सदस्यलाई उपलब्ध गराउने ।
१७.५.४ सांगठानिक प्रगति प्रतिवेदन, वार्षिक परिषद् भेला र राष्ट्रिय महाधिवेशनमा पेश गर्न तयार गरी एकमहिना पहिले कार्यसमितका सम्पूर्ण सदस्यहरु र आफ्नो मुलुकको आइसिसि प्रतिनिधलाई पठाउने ।
१७.५.५ अध्यक्षको निर्देशन बमोजिम वैठक बोलाउने तथा वैठकका एजेण्डाहरु अध्यक्षको परामर्शमा तय गरी बैठकमा पेश गर्ने ।
१७.५.६ राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।
१७.५.७ राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

**१७.६ सचिव :-**
१७.६.१ आवश्यक्ता अनुसार महासचिवलाई सहयोग गर्ने ।
१७.६.२.महासचिवको अनुपस्थितिमा निजले तोके बमोजिमका कार्यहरु गर्ने ।
१७.६.३.तोकिएका अन्य कार्यहरु गर्ने ।
१७.६.४ राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

**१७.७. कोषाध्यक्ष :-**
१७.७.१.राष्ट्रिय समन्वय परिषदको कोष प्राप्त गर्ने र जिम्मामा लिने ।
१७.७.२.राष्ट्रिय समन्वय परिषद्ले संकलन गरेको पञ्जिकृत सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको मिति बमोजिम पठाउने ।
१७.७.३ राष्ट्रिय समन्वय परिषद कतारको कोष अभिबृद्धिका लागि विभिन्न उपायहरुको प्रस्ताव गर्ने
१७.७.४राष्ट्रिय महाधिवेशन र राष्ट्रिय समन्वय परिषद्ले तय गरेका विविध कार्यक्रमहरुका लागि आवश्यक रकम तथा परियोजनका लागि श्रोत साधनको परिचालन सम्बन्धि विवरण तयार गरि प्रस्ताव गर्ने ।
१७.७.५ राष्ट्रिय महाधिवेशनमा वा राष्ट्रिय समन्वय परिषदका वैठकहरुमा राष्ट्रिय समन्वय परिषदले पारित गरेका कार्यक्रमहरुको आधारमा अनुमानित वजेट तयार गरि प्रस्तुत गर्ने ।
१७.७.६ राष्ट्रिय समन्वय परिषदको कोष व्यवस्थापन र अभिलेख राखी अन्तर्राष्ट्रिय समन्वय परिषद संग एक रुपता कायम गर्न आवश्यक सहयोग लिने ।
१७.७.७ वार्षिक लेखा विवरण सम्पूर्ण राष्ट्रिय समन्वय परिषदका पदाधिकारी सदस्यहरुलाई तथा अन्तर्राष्ट्रिय समन्वय परिषद सदस्य मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषदमा पठाउने ।
१७.७.८राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिने कोषाध्यक्षको आर्थिक प्रतिवेदन राष्ट्रिय महाधिवेशन सम्पन्न हुन एक महिना अगावै राष्ट्रिय समन्वय परिषदका पदाधिकारी तथा सदस्यहरुलाई पठाउने ।
१७.७.९ विधानमा तोकिएका अन्य कार्यहरु गर्ने ।
१७.७.१० राष्ट्रिय समन्वय परिषदले लागु गरेका विनियम तथा आचारसंहिताको पालना गर्ने ।

**१७.८ सह-कोषाध्यक्ष :-**
१७.८.१ कोषाध्यक्षको अनुपस्थितीमा कोषाध्यक्षका गरिआएको संपूर्ण कार्यहरु गर्ने, गराउने ।
१७.८.२ कार्यवाहकको जिम्मेवारी बहन गर्ने ।
१७.८.३ विधानमा उल्लेखित तथा समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

१७.९ **प्रवक्ता :-**
१७.९.१ राष्ट्रिय समन्वय परिषदको काम कारवाहीका सम्बन्धमा परिषदको दृष्टिकोण सार्वजनिक गर्ने ।
१७.९.२ राष्ट्रिय समन्वय परिषद र सञ्चार माध्यम बीच समन्वय गर्ने ।
१७.९.३ परिषदको गतिविधि बारे समय समयमा विभिन्न माध्यमबाट सूचना प्रवाह गर्ने ।
१७.९.४ अध्यक्ष तथा राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।
१७.९.५ राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

**१७.१० महिला संयोजक :-**
१७.१०.१ आफ्नो मुलुक भित्र रहेका गैरआवासीय नेपाली महिलाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि उनीहरुको सामूहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।

१७.१०.२ आफ्नो मुलुक भित्र महिलाहरुको सरोकारका विषय सम्बन्धि क्रियाकलापहरु संचालन गर्ने, बैठक तथा भेलाहरु संचालन गर्ने । महिलाहरुको स्वावलम्बन, सशक्तिकरण, तालिम, प्रशिक्षणको आयोजना गर्ने ।

१७.१०.३ राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिने, अन्तर्राष्ट्रिय समन्वय परिषद् महिला फोरम समक्ष महिला गतिविधि सम्बन्धित आवधिक विवरण प्रस्तुत गर्ने ।

१७.१०.४ अन्तर्राष्ट्रिय परिषद्का महिला क्षेत्रीय उपसंयोजकको समन्वयमा आफ्नो मुलुक भित्र महिलाहरुको संजाल स्थापना गर्ने ।

१७.१०.५ अन्तर्राष्ट्रिय परिषदको महिला फोरम र राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।

१७.१०.६ राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

१७.११ **युवा संयोजक :-**

१७.११.१ आफ्नो मुलुक भित्र रहेका गैरआवासीय नेपाली युवाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितका लागि युवाहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्ने कामको संयोजन गर्ने ।

१७.११.२ युवासंग सम्बन्धित विभिन्न कार्यक्रमहरु तय गर्ने । नया पुस्ताका गैरआवासीय नेपालीहरु खास गरि १८ वर्ष मुनिका गैरआवासीय नेपालीहरुलाई लक्षित गरी नेपाल र नेपाली समुदाय प्रति अविछिन्न लगाव र आकर्षण कायम गर्ने एक संजाल बनाई विभिन्न कार्यक्रमहरु संचालन गर्ने गराउने ।

१७.११.३ राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिने, अन्तर्राष्ट्रिय समन्वय परिषद समक्ष युवा गतिविधिहरुको आवधिक विवरण प्रस्तुत गर्ने ।

१७.११.४ आवश्यकता अनुसार अन्तर्राष्ट्रिय समन्वय परिषदका क्षेत्रीय युवा उपसंयोजकको समन्वयमा आफ्नो मुलुकभित्र युवाहरुको संजाल स्थापना गर्ने ।

१७.११.५ अन्तर्राष्ट्रिय समन्वय परिषद् युवा फोरम र राष्ट्रिय समन्वय परिषदले तोकेका अन्य कार्यहरु गर्ने ।

१७.११.६ राष्ट्रिय समन्वय परिषदले लागू गरेका विनियम र आचार संहिताको पालना गर्ने ।

**१७.१२. निर्वाचित तथा मनोनित सदस्य :-**

१७.१२.१ राष्ट्रिय समन्वय परिषद सदस्यले राष्ट्रिय समन्वय परिषद बाट सञ्चालित विविध कार्यक्रमहरु एवं दिइएका निर्देशनहरुको पालना र कार्यान्वयनका लागि क्रियाशिल रहने ।

१७.१२.२ राष्ट्रिय समन्वय परिषदको निर्देशन बमोजिमका कार्यहरु गर्ने ।

१७.१२.३ राष्ट्रिय समन्वय परिषदमा सम्पन्न गर्न सकिने विविध कार्यक्रमहरु, परियोजनाहरु तयार गरि बैठकमा संयोजक मार्फत छलफलका लागि पेश गर्ने ।

१७.१२.४ राष्ट्रिय समन्वय परिषदको बैठकमा भाग लिने ।

१७.१२.५ अन्तर्राष्ट्रिय समन्वय परिषदले आयोजना गर्ने विविध गतिविधिहरु सफल पार्न क्रियाशिल रहने ।

१७.१२.६. अन्तर्राष्ट्रिय समन्वय परिषद तथा राष्ट्रिय समन्वय परिषदबाट पारित निर्णयहरु कार्यान्वयन गर्ने ।

१७.१२.७ तोकिएका अन्य कामहरु गर्ने ।

**१८. राष्ट्रिय समन्वय परिषदको काम, कर्तव्य र अधिकार :-**

१८.१ राष्ट्रिय समन्वय परिषदले संघको पञ्जिकृत सदस्यता जारी गर्नेछ ।

१८.२ राष्ट्रिय समन्वय परिषदले गैरआवासीय नेपाली संघको विधानको वृहत संरचना भित्र रही विभागिय तथा समितिहरु गठन गर्ने, विघटन गर्ने र तिनीहरुलाई निर्देशन जारी गर्नेछ ।

१८.३. राष्ट्रिय समन्वय परिषद कतार ले संघको भावना विपरित कार्य गर्ने वा संघ वा राष्ट्रिय समन्वय परिषदको विधानको उल्लंघन गर्ने कुनै पनि पंजिकृत सदस्यलाई सदस्यताबाट निलम्बन वा निस्काशन गर्नेछ । यस प्रकार निष्काशन वा निलम्बन गरिएको व्यक्तिलाई उचित सुनवाइको अवसर दिइनेछ र राष्ट्रिय समन्वय परिषद कतारको निर्णय उपर निर्णय भएको मितिले ३० दिन भित्र सम्बन्धित सदस्यले अन्तर्राष्ट्रिय समन्वय परिषदमा उजुरी गर्न सक्ने छन् र अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्णय अन्तिम हुनेछ ।

१८.४. राष्ट्रिय समन्वय परिषदले आफुले सञ्चालन गरेका सम्पूर्ण क्रियाकलापहरुको विवरण अन्तर्राष्ट्रिय समन्वय परिषदका सदस्य मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषदका क्षेत्रीय संयोजक समक्ष पेश गर्नु पर्नेछ ।

१८.५. राष्ट्रिय समन्वय परिषदले राष्ट्रिय महाधिवेशन वा विभिन्न कार्यक्रमका लागि आवश्यक परेमा दर्ता शुल्क तोक्न सक्नेछ ।

१८.६. राष्ट्रिय समन्वय परिषदले पञ्जिकृत सदस्यता विवरण र सदस्यता शुल्क अन्तर्राष्ट्रिय समन्वय परिषदले तोके

बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषदमा पठाउनु पर्नेछ ।

१८.७. राष्ट्रिय समन्वय परिषदले संघको अन्तराष्ट्रिय महाधिवेशन र विश्व सम्मेलनमा उपस्थित हुनका लागि दर्ता भएका पञ्जिकृत सदस्यहरुको अभिलेख कायम गर्ने र दर्ता विवरण अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेको समयमा संघको सचिवालयमा पठाउनु पर्नेछ ।

१८.८. राष्ट्रिय समन्वय परिषदले आवश्यक्तानुसार गैरआवासीय नेपाली संघको उद्देश्य प्राप्तीकालागि राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरका विविध कार्यक्रमहरु आयोजना गर्नेछ ।

१८.९ राष्ट्रिय समन्वय परिषद्ले अन्तर्राष्ट्रिय समन्वय परिषद्को अधिनमा रही अन्तर्राष्ट्रिय समन्वय परिषदले तोकेका कार्यहरु गर्नुपर्ने छ ।

**१९. सचिवालयको गठन :-**

१९.१ परिषदको दैनिक कार्य सहज ढगले संचालनका लागि कार्यसमितिका अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, सचिवहरु, कोषाध्यक्ष, सह-कोषाध्यक्ष यूवा संयोजक, महिला संयोजक र २ जना थप सदस्यहरु सहित १३ जनाको एक सचिवालय गठन गरिने छ । प्रवक्ता सचिवालयको वैठकमा आमन्त्रित सदस्यको हैसियतले भाग लिन पाउनेछ ।

१९.२ सचिवालयको काम, कर्तव्य र अधिकार

१९.२.१ कार्यसमितिको बिशेष या नियमित बैठक नबसेको अबस्थामा अचानक निर्णय लिई बिशेष कार्यहरु तत्काल गर्नु पर्ने भएमा सचिवालयको बैठकद्वारा बहुमतले निर्णय गरी कार्यान्वयन गर्न सकिने छ ।

१९.२.२ सचिवालयको नियमित बैठक हरेक एक महिनामा कम्तिमा एक पटक बस्नु पर्ने छ । आवश्यक परेको खण्डमा कुनै पनि वेलामा बैठक बस्न सक्ने छ ।

१९.२.३ सचिवालयको बैठकद्वारा पारित निर्णयलाई कार्यसमितिको नियमित बैठकमा अनुमोदन गराउनु पर्ने छ ।

**२०. राष्ट्रिय समन्वय परिषदको बैठक :-**

२०.१ कार्यसमितिको पूर्ण बैठक साधारणतया हरेक दुई महिनाको एक पटक तोकिएको स्थान तथा समयमा बस्ने छ । तर अध्यक्षले बिशेष बैठक बोलाउनु पर्ने परिस्थिति देखेमा अथवा कार्य समितिका एक तिहाई सदस्यहरुले अध्यक्ष समक्ष कार्यसमितिको बिशेष बैठक बोलाउन लिखित अनुरोध गरेमा ७ (सात) दिन भित्र बिशेष बैठक बस्ने छ ।

२०.२ कार्यसमितिको पूर्ण बैठक बस्ने समय तालिका कार्यसमितिले निर्धारण गर्ने छ । निर्धारीत समय तालिका अनुसार बैठक बस्ने अग्रीम सुचना जारी गर्नु पर्ने छैन । तर बिशेष बैठक बस्ने सुचना भने लिखित वा मौखिक रुपमा बैठक बस्नु भन्दा तीन दिन अगाबै सम्पुर्ण कार्यसमिति सदस्यलाई जानकारी दिनुपर्ने छ ।

२०.३ कार्यसमितिको कूल सदस्य सख्याको ५१ प्रतिशतलाई गणपूरक संख्या मानिने छ । गण पुरक सख्या नपुगेको खण्डमा कार्यसमितिको पूर्ण बैठक बस्न सक्ने छैन तर पन्ध्र दिन भित्र बोलाइएको दोस्रो बैठकमा भने उपस्थित संख्यालाई गणपुरक संख्या मानिने छ । गणपुरक संख्याको गणना गर्दा कतार बाहिर भएका पदाधिकारी तथा सदस्यहरुलाई घटाएर कतारमा रहेका पदाधिकारी तथा सदस्यहरुको मात्रै गणना गरिने छ ।

**२१. कार्यसमिति सदस्यता पदपुर्ति :-**

२१.१ कुनैपनि कारणले कार्यसमिति पदाधिकारी पद खाली हुन गएमा सम्पुर्ण कार्यसमिति पदाधिकारी तथा सदस्य, र उप- समितिका संयोजकहरुको बहुमतबाट बाकी अवधिको लागि सोको पद पूर्ति गर्न सकिनेछ ।

२१.२ कुनै पनि कारणले कार्यसमिति सदस्य पद खाली हुन गएमा कार्यसमितिले पंजिकृत सदस्यहरुबाट एक जना बाँकी अवधिको लागि सो पद पूर्ति गर्न सकिनेछ । यसरी पद पुर्ति गर्दा समुदायक प्रतिनिधित्व गर्ने सदस्य भएमा सोही समुदायका परिषद सदस्यबाट गर्नु पर्नेछ ।

**२२. कार्यसमिति सदस्यता समाप्ती :-**

२२.१ पंजिकृत सदस्यता समाप्त भएको अवस्थामा कार्यसमिति सदस्यता स्वत: समाप्त हुनेछ ।

२२.२ कार्यसमितिको नियमित पूर्ण बैठकमा विना सूचना लगातार तीन पटक वा पटक पटक गरि ६ पटक अनुपस्थित रहेमा कार्यसमितिको पूर्ण बैठकले सदस्यता खारेज गर्न सक्नेछ ।

२२.३ कार्यसमिति अध्यक्ष समक्ष लिखित राजीनामा दिई स्वीकृत भएमा ।

२२.४ परिषद भेलामा कार्यसमिति पदाधिकारी वा सदस्य उपर अविश्वासको प्रस्ताव पेश भई त्यस उपर छलफल हुदा उपस्थित परिषद सदस्यहरुको बहुमतले अनुमोदन गरेमा ।

२२.५ अन्तरराष्ट्रिय समन्वय परिषदको पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनित भई गएमा ।
२२.६ परिषदको आचार संहिता उलङघन गरी कार्यवाही भएमा ।
२२.७ अन्तरराष्ट्रिय समन्वय परिषदको निर्देशनमा कार्यसमितिले निर्णय गरेमा ।

**२३. कार्यसमितिको विघटन प्रकृया :-**

२३.१ परिषदको राष्टिय महाधिवेशनको बन्द सत्रमा कार्यसमिति विघटन भएको घोषणा गरिनेछ तर नया निर्वाचित कार्यसमितिलाई पदभार हस्तान्तरण नगर्दासम्म विद्यमान कार्यसमितिले नै दैनिक कार्य संचालन गर्नेछ ।
२३.२ अन्तरराष्ट्रिय समन्वय परिषदले हस्तक्षेप गरि कार्यसमिति विघटन गराएको अवस्थामा अन्तरराष्ट्रिय समन्वय परिषदको निर्देशन अनुसार गरिनेछ ।

**२४. अविश्वास तथा अभियोगको प्रस्ताव :-**

२४.१ कार्यसमितिको कुनै पनि पदाधिकारी वा सदस्यले पदिय दायित्व पुरा गर्न असक्षम रहेको वा परिषदको हित बिपरित काम गरेको महशुस भएमा राष्टिय परिषद्का एक तिहाई सदस्यहरुले हस्ताक्षर गरी, कारण सहित, लिखितरुपमा कार्यसमिति समक्ष कुनै पनि बेला अभियोगको प्रस्ताव पेश गर्न सक्नेछन् । यसरी आएको अविश्वासको प्रस्ताव माथि छलफल गर्न ३० दिन भित्र राष्ट्रिय परिषदको भेला बोलाउनु पर्नेछ ।
२४.२ कार्यसमिति उपर विश्वास छैन भनी राष्ट्रिय परिषद्का एक चौथाई सदस्यहरुले हस्ताक्षर गरी, कारण सहित, लिखित रुपमा कार्यसमिति समक्ष अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछन्
२४.३ परिषद भेलामा कार्यसमिति उपर अविश्वासको प्रस्ताव पेश भई त्यस उपर छलफल हुदा कुल परिषद सदस्यहरु मध्ये ५१ प्रतिशतबाट अनुमोदन भएको अवस्थामा सोहि परिषद भेलाले ६ जना पदाधिकारीहरुको एक कार्यकारी समिति गठन गरि कार्यसमितिको जिम्मेवारी सो कार्यकारी समितिलाई सुम्पनेछ । उक्त कार्यसमितिले सोहि परिषद भेला वाट गैर आवासीय नेपाली संघ – NCC-Qatar को निर्देशिकामा व्यवस्था भए बमोजिम निर्वाचन समिति गठन गरि ६ महिना भित्र नया कार्यसमिति गठन गर्नेछ ।

## परिच्छेद ७

**२५. अनुशासन सम्बन्धि व्यवस्था :-**

२५.१ कार्यसमितिका पदाधिकारी,सदस्यत तथा पंजिकृत सदस्यहरुले यो विधान र यसै विधान मूताबिक बनेका र आफु रहेका समिति या पषिद्का बैठकहरुले नियमानुसार बहुमतबाट पारित निर्णयहरुलाई पूर्ण रुपमा पालना गर्नु पर्ने छ ।
२५.२ कार्यसमितिको कुनै पनि पदाधिकारी, सदस्य वा पंजिकृत सदस्यले संस्थाको मर्यादामा आँच या प्रभावकारीतामा कमी आउने गरी सार्वजनिक रुपमा अभिव्यक्ति दिन या कार्य गर्न पाउने छैन । तर आफु रहेको कमिटिको बैठकमा भने चित्त नबुझेका कुराहरु छलफलका लागि प्रस्तुत गर्न सक्ने छ ।
२५.३ महाधिवेशनले ३ सदस्यीय अनुशासन तथा अनुगमन समिति गठन गर्नेछ । आवश्यकता परेमा आफ्ना राय सुझाव कार्यसमितिमा पेश गर्ने छ । समिति पुर्ण रुपमा परिषद् प्रति उत्तरदायी हुनेछ ।

**२६. कार्वाही सम्बन्धि व्यवस्था :-**

२६.१ कार्यसमितिको पदाधिकारी, सदस्य वा पंजिकृत सदस्य उपर अभियोग लागेमा अनुशासन तथा अनुगमन समितीको सिफारिसमा कार्यसमितिले लिखित रुपमा स्पष्टीकरण माग गर्न सक्ने छ । सो लिखित स्पष्टीकरण कार्यसमितिले छलफलका लागि राष्ट्रिय परिषद बैठकमा प्रस्तुत गर्ने छ । सो प्रक्रिया उपर चित्त नबुझेमा सम्बिन्धित ब्यक्तिले राष्ट्रिय परिषद्को बैठकमा अपिल गर्न सक्ने छ । सम्बन्धित ब्यक्तिले राष्ट्रिय परिषद बैठकमा मौखिक रुपमा पनि स्पष्टीकरण दिन सक्ने छ । उसको कसुरको आधारमा बैठकले आवश्यक कार्वाही गर्ने छ । यदि अभियोग अनुचित ठहरेमा बैठकले सच्चाई दिन सक्ने छ ।

**२७.सल्लाहकार समिति :-**

२७.१ गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको अध्यक्ष वा प्रमुख पदाधिकारीको रुपमा रही योगदान गरिसकेका व्यक्तित्वहरुलाई गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको को बृहत्तर दायरा भित्र रही निरन्तर राष्ट्रिय समन्वय परिषद कतार र गैरआवासीय नेपालीहरुको हितका लागि योगदान गर्न र राष्ट्रिय

समन्वय परिषदको स्वरुपलाई मजबुत पार्दै गैरआवासीय नेपालीहरुको एकताका लागि योगदान गर्न निर्वतमान परिषद् अध्यक्षको संयोजकत्वमा बढिमा १३ सदस्यिय सल्लाहकार समितिको चयन कार्यसमितिले गर्नेछ ।

२७.२ सल्लाहकार समितिको अधिकार :

२७.२.१ राष्ट्रिय समन्वय परिषदको हरेक तहका गतिविधिहरुमा सरिक हुन पाउने ।

२७.२.२.राष्ट्रिय समन्वय परिषदको हरेक सूचनाहरु प्राप्त गर्न पाउने ।

२७.२.३ राष्ट्रिय समन्वय परिषदका बैठकहरुमा भाग लिन पाउने तर मतदान गर्न नपाउने र कोरमका लागि गणना नहुने ।

२७.२.४. संस्था र समाजको हितका लागि कार्यसमितिलाई आवश्यक सल्लाह सुझाव लिखित वा मौखिक दिने ।

२७.३ सल्लाहकार समितिको काम कर्तव्य :

२७.३.१ परिषदले अवलम्बन गर्ने हरेक नीति बमोजिम कार्य सम्पादन गर्ने ।

२७.३.२ परिषदले अघि सारेका कार्यक्रमहरु सम्पन्न गर्न आफ्नो तर्फबाट योगदान गर्ने ।

२७.३.३ राष्ट्रिय समन्वय परिषदको अनुरोध बमोजिम विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न निकायहरुमा वा फोरमहरुमा विविध विषयहरुका लागि राष्ट्रिय समन्वय परिषदको प्रतिनिधित्व गर्ने ।

२७.३.४ परिषदले तोकेका अन्य कामहरु गर्ने ।

**२८. राष्ट्रिय महाधिवेशन :-**

२८.१ प्रत्येक २ वर्षमा कम्तिमा एक पटक राष्ट्रिय समन्वय परिषद कतारको राष्ट्रिय महाधिवेशन गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय महाधिवेशन सम्पन्न हुने मिति बढिमा ६ महिना र कम्तिमा १ महिना बांकी रहने गरि सम्पन्न गर्नु पर्नेछ । सोही राष्ट्रिय महाधिवेशनले नै अन्तर्राष्ट्रिय समन्वय परिषदकालागि देशको प्रतिनिधित्व गर्ने सदस्यको निर्वाचन गर्नेछ ।

२८.२ राष्ट्रिय महाधिवेशनका कार्यहरु देहाय बमोजिम हुनेछ :

२८.२.१ राष्ट्रिय समन्वय परिषदको कार्यकारी समितिबाट सञ्चालित क्रियाकलापहरुलाई मूल्यांकन गर्ने र राष्ट्रिय समन्वय परिषदलाई निर्देशन दिने ।

२८.२.२ राष्ट्रिय समन्वय परिषदको कार्यकारी समितिको निर्वाचन गर्ने ।

२८.२.३ गैरआवासीय नेपाली संघको अन्तराष्ट्रिय समन्वय परिषदमा प्रतिनिधि चयन गर्ने ।

२८.२.४ संघको उद्देश्य प्राप्तिको लागि राष्ट्रिय स्तरमा आवश्यक नीतिहरु तय गर्ने ।

२८.२.५ आवश्यक्तानुसार राष्ट्रिय समन्वय परिषदको यस विधानको संशोधन गर्ने ।

२८.२.६ गैरआवासीय नेपाली संघको नीति तथा कार्यक्रमहरुलाई राष्ट्रिय स्तरमा निर्माण, विकास र कार्यान्वयनका लागि तर्जुमा गर्ने ।

२८.२.७ राष्ट्रिय समन्वय परिषद अन्तर्गतका विभिन्न विभागहरु, समितिहरुका प्रतिवेदनहरुलाई अनुमोदन गर्ने ।

२८.२.८ राष्ट्रिय समन्वय परिषदका महासचिवको सांगाठानिक प्रतिवेदन तथा कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्ने ।

२८.२.९ राष्ट्रिय महाधिवेशनमा राष्ट्रिय समन्वय परिषदले पञ्जिकृत सदस्यता प्रदान गरेका पञ्जिकृत सदस्यहरु, राष्ट्रिय समन्वय परिषदका पदाधिकारी तथा सदस्यहरु, प्रारम्भिक, मानार्थ र सम्बद्ध सदस्यहरु, अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी तथा सदस्यहरु, प्रारम्भिक सदस्य र जुनियर सदस्यले राष्ट्रिय महाधिवेशनमा सहभागि बन्न पाउने छन् । राष्ट्रिय समन्वय परिषदका मानार्थ र सम्बद्ध सदस्यहरु, अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकार तथा सदस्यहरु, प्रारम्भिक सदस्य र जुनियर सदस्यले पर्यवेक्षकको रुपमा मात्र भागलिन पाउने छन् उनीहरुलाई मताधिकारको हक भने हुनेछैन्

**२९. विशेष अधिवेशन :-**

२९.१ राष्ट्रिय समन्वय परिषदका एक तिहाई बहुमत सदस्यहरुले विशेष राष्ट्रिय महाधिवेशन बोलाउन आवश्यक भएको ठानेमा अन्तर्राष्ट्रिय समन्वय परिषदको परामर्श बमोजिम विशेष अधिवेशनको माग गर्न सक्नेछन् । विशेष महाधिवेशन माग गरिएको ३ महिनाभित्र विशेष महाधिवेशन बस्नु पर्नेछ । विशेष महाधिवेशनको अध्यक्षता राष्ट्रिय समन्वय परिषदका अध्यक्षले गर्नेछन् । निजको अनुपस्थितिमा राष्ट्रिय समन्वय परिषदको निर्णय अनुसार उपाध्यक्षहरु मध्ये राष्ट्रिय समन्वय परिषदले तोकेका एक जनाले विशेष महाधिवेशनको अध्यक्षता गर्नेछ । विशेष महाधिवेशनमा दफा ७.३ बमोजिमका प्रतिनिधिहरुलाई भाग लिने हक हुनेछ । विशेष राष्ट्रिय महाधिवेशनले महाधिवेशनको माग गर्दा दिइएको निवेदनमा औलाइएका विषयहरु उपर मात्रै निर्णय गर्नेछ ।

**३०. क्षेत्रीय बैठक अथवा भेला :-**

३०.१ सम्बन्धित क्षेत्र भित्र रहेका राष्ट्रिय समन्वय परिषदहरु वीच पारस्परिक सम्बन्ध, अनुभवहरुको आदान प्रदान, समस्याहरु र भावी कार्ययोजना निर्माण गर्नको लागि एक क्षेत्रीय भेलाको आयोजना गरिने वा सहभागिता जनाईनेछ । यस भेलाको स्थान र मिति सम्बन्धित क्षेत्रमा रहेका राष्ट्रिय समन्वय परिषदहरुले तोक्ने छन् ।

## परिच्छेद ८

**३१. आर्थिक स्रोतहरु :-**

३१.१ परिषदका राष्ट्रिय परिषद सदस्यहरुबाट प्राप्त हुने सदस्यता दस्तुर/शुल्क ।

३१.२ कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुबाट प्राप्त लेवी वा सहयोग शुल्क ।

३१.३ परिषदको नाममा प्राप्त सहयोग, अनुदान, उपहार आदि ।

३१.४ परिषदको अन्य श्रोतबाट प्राप्त हुने आय ।

**३२. कोषको व्यवस्थापन र लेखा परिक्षण :-**

३२.१ कार्यसमितीका अध्यक्ष, महासचिव र कोषाध्यक्ष गरी ३ जनाको नाममा कुनै प्रचलित बैंकमा खाता खोल्नु पर्नेछ ।

३२.२ अध्यक्ष र कोषाध्यक्ष गरी २ जनाको हस्ताक्षर गरी रकम बैंकबाट निकासा गर्ने ब्यबस्था मिलाउनु पर्ने छ ।

३२.३ हस्ताक्षरका लागि अध्यक्ष उपलब्ध हुन नसक्ने अवस्थामा महासचिव र कोषाध्यक्षको हस्ताक्षरबाट रकम बैंकबाट निकासा गर्न सकिने छ ।

३२.४ हस्ताक्षरका लागि कोषाध्यक्ष उपलब्ध हुन नसक्ने अवस्थामा अध्यक्ष र महासचिवको हस्ताक्षरबाट रकम बैंकबाट निकासा गर्न सकिने छ ।

३२.५ दैनिक खर्चको ब्यवस्थापनका लागि कार्यसमितिले निर्णय गरी लागु गर्न सक्ने छ ।

३२.६ तीन सदस्यीय लेखापरिक्षण उप समिति महाधिवेशनबाट गठन गरी संस्थाको आर्थिक कृयाकलापलाई लेखा परिक्षण गराउनु गर्नु पर्ने छ ।

३२.७ लेखा परिक्षक द्वारा वार्षिक रुपमा लेखा परिक्षण गराई परिषद्को वार्षि भेला र महाधिवेशनमा अनुमोदनका लागि प्रस्तुत गर्नु पर्ने छ ।

३२.८ राष्ट्रिय महाधिवेशन वा परिषद् भेला बाट पारित आर्थिक र प्रगति प्रतिवेदनको एक प्रति अन्तर्राष्ट्रिय समन्वय परिषदलाई पठाउनु पर्ने छ ।

३२.९ परिषदको लेखा तथा काम कारवाहीको सम्बन्धमा अन्तर्राष्ट्रिय समन्वय परिषदले अनुगमन गर्न सक्नुका साथै अनुगमन गर्दा परिषदको लेखा सम्बन्धि काम कारवाहीमा कुनै सुधार गर्न आवश्यक देखिएमा अन्तर्राष्ट्रिय समन्वय परिषदले आवश्यक निर्देशन दिनसक्ने छ । सो बमोजिम दिइएको निर्देशनको पालना गर्नु परिषदको कर्तव्य हुनेछ ।

## परिच्छेद ९

**३३. अन्तर्राष्ट्रिय महाधिवेशन का लागी प्रतिनिधी छनोट :-**

३३.१ अन्तर्राष्ट्रिय समन्वय परिषद्को विधानको दफा १३.७ तथा अनुसूचि ६ मा दिईए बमोजिम अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको छनौंट गर्ने छ । तर यसरी चुनिने अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको संख्या वहालवाला अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारी एवं सदस्यहरु बाहेक हुनेछ ।

३३.२ राष्ट्रिय समन्वय परिषदले (गैरआवासीय नेपाली संघको विधान २०१५ को दफा ५ को उपदफा ५.१ मा उल्लेख भए बमोजिम) मनोनयन गरेका यस्ता प्रतिनिधिहरुलाई मात्र अन्तर्राष्ट्रिय समन्वय परिषदमा उमेद्वार हुन पाउने छन् र अन्तर्राष्ट्रिय महाधिवेशनमा मताधिकार रहने छ । यस्ता प्रतिनिधिहरुले महाधिवेशन दर्ता शुल्क तिर्नु पर्नेछ । अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको छनोट गर्न सार्वजनिक सूचना मार्फत काठमाडौ जान अनुकुल हुने सबै पञ्जीकृत सदस्यहरुलाई खुला रुपमा आमन्त्रण गर्नु पर्ने छ । प्रतिनिधि छनोटमा सर्व सम्मत भएन भने प्राथमिकताको आधारमा निम्न बमोजिम प्रतिनिधिको चयन गर्ने । तर यसरी छानिने प्रतिनिधिको गैरआवासीय नेपालीको हैसियत कायम रहेको हुनुपर्ने छ ।

३३.२.१ अन्तरर्राष्ट्रिय समन्वय परिषदका बहालबाला संरक्षक तथा सल्लाहकारहरु ।

३३.२.२ अन्तर्राष्ट्रिय समन्वय परिषदका पूर्व पदाधिकारी, सदस्य, संरक्षक तथा सल्लाहकारहरु ।

३३.२.३ राष्ट्रिय समन्वय परिषदका बहालबाला पदाधिकारी तथा सदस्यहरु ।

३३.२.४ अन्तर्राष्ट्रिय समन्वय परिषदका विभिन्न समिति तथा कार्यदलका बहालबाला सदस्यहरु ।

३३.२.५ राष्ट्रिय समन्वय परिषद्का निवर्तमान पदाधिकारी तथा सदस्यहरु ।
३३.२.६ राष्ट्रिय समन्वय परिषद्का पूर्व पदाधिकारी तथा सदस्यहरु ।
३३.२.७ अन्तर्राष्ट्रिय समन्वय परिषद्का विभिन्न समिति, उपसमिति तथा कार्यदलका वर्तमान र पूर्व सदस्यहरु ।
३३.२.८ पंजीकृत सदस्य भई राष्ट्रिय समन्वय परिषद्को विभिन्न समितिका मा काम गरेका व्यक्तिहरु ।
३३.२.९ लामो समय सम्म पंजीकृत सदस्य भएका ।
३३.२.१० बाकि प्रतिनिधि राष्ट्रिय समन्वय परिषद्का बहुमत सदस्यले चयन गर्ने ।

राष्ट्रिय समन्वय परिषद्ले कुनै पुर्वाग्रहले कुनै पञ्जिकृत सदस्यहरुलाई प्रतिनिधि बन्न निषेध गर्न पाउने छैन् । यस्तो अवस्थामा निषेधित सदस्यले अन्तर्राष्ट्रिय समन्वय परिषद्मा उजुरी गर्न सक्ने छ । यस्तो परिस्थितिमा अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गरेको निर्णयलाई अन्तिम मानिने छ ।

## परिच्छेद १०

### ३४. निर्वाचन सम्बन्धि व्यवस्था :-

३४.१ परिषदको निर्वाचनको पर्यवेक्षण गर्न गैर आवासीय नेपाली संघ, अर्न्तराष्ट्रिय समन्वय परिषद् लाई अनुरोध गरीनेछ ।

३४.२ कुनै एक परिषद सदस्यको संयोजकत्वमा एक संयोजक सहित पांच देखि नौ जना सम्म सदस्य रहने गरि कार्यसमितीले अन्तिम परिषद भेला मार्फत निर्वाचन समिति गठन गर्नेछ । निर्वाचन समितिका संयोजक र सदस्यले पदमा बहाल रहदासम्म परिषदको कुनै पदमा उम्मेदवारी बन्न पाउने छैन ।

३४.३ निर्वाचन समितिले निर्वाचन कार्यविधि तोक्नेछ ।

३४.४ संघको विधान तथा समितिले पारित गरेका नियम, उप-नियमहरुको अधिनमा रही निर्वाचन सम्वन्धि प्रकृया तथा कार्यबिधी बनाउने, आवश्यक सुचना प्रकाशित गर्ने तथा परिस्थिति र सम्भावनाका आधारमा अनलाईन भोटिङ्ग वा पोस्टल भोटिङ्ग वा प्रत्यक्ष मतदान वा इलेक्ट्रोनिक भोटिङको माध्यामबाट निर्वाचन सम्पन्न गराउने पुरा अधिकार निर्वाचन समितिमा रहने छ ।

३४.५ निर्वाचन सम्वन्धि कुनै पनि कुराको अन्तिम निर्णय निर्वाचन समितिको हुने छ ।

३४.६ निर्वाचन समिति एक कार्यकालको लागि एउटा निर्वाचन प्रयोजनको लागि मात्र गठन गरिनेछ ।

३४.७ निर्वाचन समितिले राष्ट्रिय परिषद्को निर्वाचनसँगै अन्तराष्ट्रिय समन्वय परिषद्मा प्रतिनिधित्व गर्ने आइसीसी सदस्य (हरु), विधान बमोजिम लेखा समिति तथा अनुशाशन समितिको चयन समेत गर्नु पर्ने छ।

३४.८ निर्वाचन समितिले, अन्तर्राष्ट्रिय समन्वय परिषदले निर्धारण गरेको राष्ट्रिय अधिवेशन सम्बन्धि नियमावली तथा आचार संहिता र राष्ट्रिय समन्वय परिषदले निर्धारण गरेको आचार संहिताको दायरामा रही निर्वाचन सम्पन्न गर्ने छ ।

### ३५. विविध :-

३५.१ विधानको व्याख्या

यो विधानको व्याख्या गर्ने अधिकार अन्तराष्ट्रिय समन्व परिषदको विधान समितिमा निहित रहने छ ।

### ३६. विधानको संसोधन :-

३६.१ यस विधानको कुनैपनि धारा उपधाराको संसोधन खारेजी तथा थपघट वा परिवर्तन गर्ने प्रस्ताव कार्यसमितिको सदस्यहरुमध्येबाट २५ प्रतिशतले पेश गर्न सक्ने छ । तर प्रस्ताव पेश गर्नु अघि अन्तर्राष्ट्रिय समन्वय परिषद पदाधिकारी तथा सदस्य मार्फत अन्तर्राष्ट्रिय समन्वय परिषदको परामर्श लिनु पर्नेछ । यसरी पेश गरिएको प्रस्ताव विशेष अधिवेशनद्धारा दुई तीहाई बहुमतको आधारबाट पारित गर्न सक्ने छ । विधानको कुनै पनि दफाहरु खारेज वा संसोधन गर्ने प्रस्ताव पारित भएमा सो प्रस्ताव तुरुन्त लागु हुने छ ।

## अनुसूची-१

संघको प्रतिक चिन्ह (लोगो) : दुई अर्ध वृत्तको घेरा भित्र अंग्रेजी ठूलो अक्षरमा NRNA लेखिएको माथि दुई हिमालयहरुको बीचमा उदाउँदै गरेको सूर्य र तल्लो अर्ध वृत्तमा अंग्रेजीभाषाको ठूलो अक्षरमा FOR NEPALI BY NEPALI लेखिएको चिन्ह नै संघको प्रतिक चिन्हको नमुना हुनेछ । लोगो निम्न ढाँचाको हुनेछ ।

**प्रतिक चिन्हको नमुना** :- उदाउदै गरेको सूर्यले गैरआवासीय नेपालीहरुको अभिलाषा, दुई हिमालयहरुले नेपाल, NRNA ले गैर आवासीय नेपालीहरु, FOR NEPALI BY NEPALI ले संघको मन्त्र र दुई अर्थ वृत्तहरुको घेराले पृथ्वीको प्रतिनिधित्व गर्छ।

## अनुसूची-२

कार्यालयको छाप : संघको अन्तराष्ट्रिय परिषद र राष्ट्रिय परिषदको कार्यालयको छाप गोलाकार, गोलाकार भित्र नेपाली र अंग्रेजी भाषामा संघको "नाम गैरआवासीय नेपाली संघ", "Non-Resident Nepali Association' लेखिएको र त्यस भित्र दुई अर्ध गोलाकार वृत्तहरु, तिनीहरुको बीचमा NRNA ठीक त्यसकैको मुनि NCC- QATAR लेखिएको अंग्रेजी ठूलो अक्षरमा ल्च्ल्ब लेखिएको ठीक माथि दुई हिमालयको चुचुराहरुको बीचमा उदाउदै गरेको सूर्य र तल अंग्रजी अक्षरमा FOR NEPALI BY NEPALI लेखिएको वाक्य हुनेछ ।

## अनुसुची - ३

कार्यालयको लेटर हेडको नमुना नेपाली र अंग्रेजी भाषामा देहाय बमोजिम हुनेछ :

"For Nepali, By Nepali "
गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, कतार
Non-Resident Nepali Association, National Coordination Council, Qatar
Estd: 2003

## अनुसुची - ४

आवेदन फारमको नमुना : सदस्यता आवेदन MIS सिस्टम अनुसार अनलाईनबाट लिने प्रकृया शुरु भइसकेकोले फर्मको ढाँचा अनलाईनमा भए बमोजिम हुनेछ ।

## अनुसुची - ५

संघको परिचयपत्रको नमुना अंग्रेजी भाषामा देहाय बमोजिम हुनेछ :




## अनुसुची - ६

**शपथ**

म सत्यनिष्ठापूर्वक एवं विवेकपूर्वक सपथ लिन्छु कि यो विधान र यसको अधीनमा बन्ने नियम उपनियमहरुको पालना गर्नेछु । म कहिल्यै पनि विधानले मलाई दिएका अख्तियारीको दुरुपयोग गर्ने एवं पदको गोपनियता भंग गर्ने कार्य गर्ने छैन । म गैरआवासीय नेपाली संघको मुल्य र मान्यताहरुलाई सदा सर्वोकृष्टताकासाथ आत्मासात गर्ने मेरो प्रतिवद्धतालाई अभिव्यक्त गर्दछु ।

॥समाप्त॥